३. कृषियोग्य जमिनको अव्यवस्थित तथा गैर कानुनी खण्डिकरणलाई निरुत्साहित गरि कृषियोग्य जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ ।

४. कृषि तथा पशु बिमा अनुदान कार्यक्रम लागु गरिनेछ र किसानलाई प्रोत्सहित गरिनेछ ।

५. सहकारितालाई प्रोत्साहन गरिनेछ । सामुहिक तथा सहकारीबाट व्यवसयिक कृषि उत्पादन गर्ने समूहहरुलाई बिषेश अनुदानको व्यवस्था गरिनेछ ।

६. कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा व्यवसायीकरण, विविधीकरण, बजारीकरण र आधुनिकीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिने छ । नगरलाई कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ ।

७. कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, मौसमी तथा वेमौसमी तरकारीलाई टिकाई राख्न, DPR अनुसार कोल्ड स्टोर जस्ता पूर्वाधारहरुको निर्माण तथा सम्बर्द्धन गर्ने नीति लिईने छ ।

८. किसानहरुको कृषि उत्पादनमा बृद्धिका लागि रासायनिक मलको उपलब्धता गराउन संघिय र प्रदेश सरकारको समन्वयमा स्थानीय सहकारी मार्फत वितरण प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन समय सिमालाई समेत मध्ये नजर गरी सोही अनुसारको समय तालिका तय गरिनेछ ।

९. कृषि प्रदर्शनी मेला तथा हाटबजार सुधार कार्यक्रम संचालन गरिनेछ।

१९. गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमा पशुपालन गर्न चाहने महिला ७० प्रतिशत सहभागि गराईनेछ ।

२०. नगर प्रमुख उद्यमशिलता आय आर्जन तथा शिप विकास कार्यक्रम संचालन गरिनेछ र ५० प्रतिशत महिला उद्यमी उत्पादन गरिनेछ ।

२१. नेपाल भारत सिमानामा जंगलीजनावरबाट किसानको बालिनाली बचाउन उज्यालो सिमा शुरक्षा कार्यक्रम लागु गरिनेछ ।

२२. बालि बिमा ऐन र कार्यविधि बनाई कार्यक्रम लागु गरिनेछ ।

२३. व्यवसायिक कृषि प्रवर्द्धनका लागि जग्गा लिजमा लिई नगरस्तरीय कृषि फाराम सञ्चालनमा ल्याइने छ ।

२४. नगरपालिकाको कार्यक्षेत्रभित्र रहेको सहकारीहरुलाई समय सापेक्ष सहकारीका पदाधिकारी/सदस्य/व्यवस्थापकलाई क्षमता विकास तथा COPOMIS को तालिम संचालन गरी क्षमता अभिबृद्धि र अभिलेखिकरण गरिनेछ ।

२५. स्थानीय बजारमा रहेका दुग्ध जन्य वस्तुहरुको संकलन गरी दुग्ध जन्य वस्तुबाट बन्ने परिकारहरु बिविधिकरण गरी बजारीकरणका लागि प्रोत्साहन गरिनेछ ।

२६. राजापुर समृद्धिका आधार कृषि पर्यटन विकास र पुर्वाधार कृषि गुरु योजना निर्माण गरिनेछ ।

२७. कृषि सरकारीको पूर्वाधार राजापुर नगरपिलकाको दरिलो आधार PPP मोडल विकासका आधारशिलाहरु तयार गरिनेछ ।

२८. संघ र प्रदेश सरकारसँग समन्वय गरि राजापुर नगरपालिकालाई कृषि विषेश आर्थिक क्षेत्र घोषणा गर्ने रणनिति तयार गरिनेछ ।

दिनेश थारु
नगर प्रमुख

२. संघिय सरकार र प्रदेश सरकार र विकास साझेदारसँग सहकार्य तथा साझेदारीमा बृहत सिचाईको कार्यक्रम लागु गरिनेछ ।

३. सिचाई कुलो मुहान सरसफाई, मर्मत तथा सम्भारको नीति लिइनेछ ।

ग) खानेपानि तथा सरसफाई :

१. नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी संरचना बनेको वडामा खानेपानी सुचारु गर्न र खानेपानीको लाईन विस्तार गर्न पहल गरिनेछ ।

२. नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

३. नगरक्षेत्रमा सरसफाई सम्वन्धी चेतना अभिवृद्धि गर्ने तथा सफाई अभियानहरु संचालन गरिनेछ ।

४. खानेपानीमा आर्सेनिक तथा कोलिफर्म लगायतका पानीको सुद्धिकरण सम्बन्धि परीक्षणको व्यवस्था गरी नागरिकलाई शुद्ध पीउने पानीको शुद्धिकरणको व्यवस्था मिलाइनेछ ।

५. नगरको खानेपानी सरसफाई तथा स्वच्छता, योजनालाई कार्यन्वयन गर्न पुर्ण सरसफाई युक्त नगर घोषणा गर्ने कार्यलाई निरन्तरता दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६. सामुदायस्तरमा एक घर एक धाराको नीति अवलम्बन गरिनेछ सोको लागि खानेपानी ट्याङ्की निर्माण आयोजना मागका लागि प्रदेश र संघीय सरकारसंग पहल गरिनेछ ।

७. दिसाजन्य लेदो व्यवस्थापनका लागि विकास साझेदारको समन्वयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

नगरपालिकाले न्यूनतम १५ हजार पुग्ने गरी तलब भत्ताको व्यवस्था गरिनेछ।

२३. कृषि तथा भेटनरी तर्फ बहुप्राविधिक शिक्षालयको संरचना तयार भै सकेकाले आर्थिक वर्ष २०८०।०८१ भित्र संचालनको प्रकृया अगाडी बढाइनेछ ।

२४. राजापुर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा १०+२ को विज्ञान विषयको कक्षा संचालन गर्ने सामुदायिक विद्यालयलाई थप अनुदानको व्यवस्था गरिनेछ साथै विज्ञान संकायलाई उच्च शिक्षा सम्म प्राथमिकतामा राखिनेछ ।

२५. अमर शहिद श्री दशरथ चन्द माध्यमिक विद्यालयमा कृषि पशु प्रविधिक भवनको लागि संघ सरकारसँग माग गरिनेछ ।

२६. पालिकाभित्र रहेका सबै विद्यालयहरुमा शैक्षिक गतिविधी निगरानी गर्न डिजटल मोनिटरिङ्को व्यवस्थाका लागि CCTV Camera प्रविधि जडान गरिनेछ ।

ग) महिला सशक्तिकरण तथा बालबालिका :

१. महिला, एकल महिला, दलित महिला, अपाङ्ग महिला, मुक्त कमलरी महिला उद्यमीलाई सबै किसिमको तालिममा ५० प्रतिशत सहभागिता गराउने प्राथमिकताको नीति लिइनेछ ।

२. सामाजिक समावेशिकरण नीति निर्माण गरी लैङ्गिक मैत्री बजेटमा जोड दिइनेछ ।

३. एकल महिला, बेरोजगार महिला तथा अति पिछडिएका र बिपन्न महिलाहरुको लागि रोजगारमूलक सिप र तालिमको व्यवस्था गरिनेछ ।

६. वडा क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।

७. खेलकुद तथा स्काउट कार्यक्रम आयोजना गरी युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

८. राजापुर नगरपालिका अन्तरगतका सम्पूर्ण सार्वजनिक कार्यालयहरुमा स्तनपान कक्ष विस्तार गरिनेछ ।

घ) संस्कृति तथा पर्यटन :

१. नगरपालिका स्तरीय मेला प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ।

२. चर्चामा रहेको तर पर्याप्त विकास हुन् नसकेका पर्यटकीय स्थलको बारेमा अध्ययन गरि १० वर्षीय **पर्यटन विकास रणनीतिक योजना** निर्माण गरिने छ ।

३. नगरपालिका भित्रका विद्यालयहरु संगको सहकार्यमा नगरपालिका भित्र गर्न सकिने सांस्कृतिक जात्रा वा मेलाको आयोजना गरिनेछ ।

४. ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

५. यस नगर क्षेत्रभित्र रमणीय गेरुवा र कार्णाली नदिको आसपासमा पर्यटकहरु रमाउने उद्देश्यले गुणस्तरीय एवं Organic होटल (रैथाने वाली) तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

६. राजापुर नगरपालिका वडा न २ मा रहेको राष्ट्रिय थारु संग्रालयको संरचना निर्माणको पहल गरिनेछ ।

